# सिमुतु क्याम्पस

## सिमुतु,रूकुम पश्चिम

स्थापना:वि.सं.२०६९

# वार्षिक प्रगति प्रतिवेदन

## २०८०/०८१

प्रतिवेदन प्रकाशित मिति :- २०८१/०७/१४

# प्रतिवेदन निर्माण समिति

| | |
|---|---|
| १.चन्द्र बहादुर खड्का | संयोजक |
| २.शोभाराम बोहरा | सदस्य |
| ३.चन्द्रा ओली | सदस्य |
| ४.निर्मला वि.सी. | सदस्य |
| ५.सूर्यविक्रम खड्का | सदस्य सचिव |

## सारांस (Executive Summary)

त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन प्राप्त गरि वि.स. २०६९ सालमा स्थापना भएको यस श्री सिम्रुतु क्याम्पस, रुकुममा २०८० सालको सम्ममा चार वर्षे वि.एड. कार्यक्रमको बिभिन्न विषयहरुमा पठन पाठन सञ्चालन भैरहेका छन् । यस क्याम्पसमा २०८० सालमा छात्र ३४१ र छात्रा ५२८ जना गरि

प्रथम, द्वितीय, तृतिय र चतुर्थ वर्षमा जम्मा ८७२ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । एम.एड. कार्यक्रम अर्न्तगत प्रथम दोस्रो र तेस्रो सेमेस्टरमा ४६ र ६३ जना गरी १०९ जना विद्यार्थीहरु भर्ना भएका छन् । भौतिक सुबिधा तर्फ हेर्दा क्याम्पसको आफ्नै २३०० वर्ग मिटर क्षेत्रफलको जग्गा रहेको छ । पक्की २ ओटा भवनहरुमा पठनपाठन तथा प्रशासनिक कार्यहरु सञ्चालन भैरहेका छन । क्याम्पसमा ब्याडमिन्टन खेल मैदान, शौचालयहरु, शुद्ध खानेपानीको धारा भएता पनि व्यवस्थीत छैनन साथै छेउमै रहेको त्रिवेणी खोलाले क्याम्पसको वातावरणलाई मनोरम वनाउने काम गरिरहेको छ ।

शैक्षणिक सामग्रीतर्फ हेर्ने हो भने क्याम्पसले लेक्चर मेथडलाई मुख्य शिक्षण बिधिको रुपमा अपनाएको पाइन्छ । शैक्षिक सामग्रीको रुपमा विभिन्न विषयका विषगत पाठ्यसामग्रीहरु उपलब्ध रहेको देखिए पनि शैक्षिक सामग्रीहरुको अपर्याप्तता नै देखिन्छ ।

आ.व. २०८०/२०८१ मा रु. ३०२२७१२०।८६ आम्दानी देखिएको छ भने रु.१३५४६७३८।१८ खर्च भएको देखिन्छ । आ.व. २०८०/२०८१ मा बैङ्क मौजदात रु. १६८१२५६०।६३ रहेको देखिन्छ जुन गत आ.व.को तुलनामा बढी हो । आर्थिक सामाजिक रुपले पछाडी परेका समुदायका छात्रछात्राहरुलाई शिक्षाको पहुँचमा ल्याउन छात्रवृक्ति दिने व्यवस्था छ । साथै एकै परिवारको ३ जना भएमा मासिक शुल्क छुट दिने व्यवस्था रहेको छ ।

क्याम्पस र समुदायको समबन्ध बढाउने सवालमा क्याम्पसले समाजमा बिशेष योगदान दिएका शिक्षाविद्, बुद्धिजिबी, समाजसेवी, तथा सरोकारवालाहरुको सहभागितामा क्याम्पस सभा मार्फत क्याम्पस सञ्चालक समिति गठन गरि अगाडि बढिरहेको छ । क्याम्पसले हालसम्म करिव ४९६ को सङ्ख्यामा उच्च शैक्षिक जनशक्तिहरु उत्पदन गरिसकेको छ । उक्त जनशक्तिले राज्यका बिभिन्न तहमा रहि बिशेष योगदान पुचाइरहेको पाइन्छ ।

यस क्याम्पसले बिगतदेखी हालसम्म आर्थिक समस्यालाई प्रमुख समस्याको रुपमा भोग्दै आएको छ भने विद्यार्थी भर्ना, शिक्षाको गुणस्तर, शिक्षकहरुको पेसागत विकास यस क्याम्पसका अन्य प्रमुख मुद्दाका रुपमा उठ्ने गरेका छन । यी र यस्ता समस्याहरुलाई समाधान गर्न बिद्यार्थी भर्ना सम्बन्धि नीति बनाइ अगाडि बढ्नुपर्ने, शैक्षिक योजनाहरुको निर्माण गरि काम थाल्नुपर्ने, शिक्षण सिकाइलाई प्रभाबकारी वनाउन कदम चाल्नुपर्ने, शिक्षकहरुको पेशागत क्षमता बढाउन तालिम, गोष्ठी, सभा, सम्मेलन, अन्तरक्रिया जस्ता कार्यक्रमहरु कार्यान्वायनमा ल्याउनुपर्ने देखिन्छ । त्यस्तै अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालनका साथै परीक्षा तथा मूल्याङ्कन कार्यलाई ब्यवस्थित बनाउन जरुरी देखिन्छ । साथै क्याम्पसमा देखिएका समस्या र चुनौतिहरुलाई संवोधन गर्न एक्सन प्लान बनाई कार्य गर्नुपर्ने देखिन्छ ।

## विषय सूचि

१.पृष्ठभूमि

२.क्याम्पसको शैक्षिक प्रगति

२.१ अन्तिम तीन वर्षको विद्यार्थी भर्ना विवरणको विश्लेषण

२.२ अन्तिम तीन वर्षको विद्यार्थी उत्तिर्ण विवरणको विश्लेषण

२.३ अन्तिम तीन वर्षको ग्राजुयट विद्यार्थी विवरणको विश्लेषण

२.१ कार्यक्रमहरु

२.१ शैक्षणिक विधि

३.क्याम्पसको भौतिक प्रगति

३.२ विकासका पूर्वधारहरु

३.३ शैक्षणिक सामग्रीहरु

४. क्याम्पसको आर्थिक प्रगति

४.१ अन्तिम तीन वर्षको आर्थिक स्रोत र आयव्यको विश्लेषण

४.२ अन्तिम तीन वर्षको खर्च विवरणको विश्लेषण

४.३ पुँजीगत विवरण

क्याम्पसको विश्वविद्यालय अनुदान आयोग सँगको सम्वन्ध :
४.४ आर्थिक प्रतिवेदनको पुनरावलोकन / गत आ.व को लेखा परीक्षणबाट प्राप्त सुझाबहरु समाधान गर्न चालिएका कदमहरु

५.क्याम्पसको सामाजिक प्रगति

५.१ सामाजिक कार्यमा क्याम्पसको सहभागिता

५.२ क्याम्पसको लागी समाजको योगदान

५.३ सामाजिक योग्दानमा क्याम्पसको योजना

५.४ समाजको सहभागिता बढाउन क्याम्पसको योजना

६. समस्या र चुनौतिहरु

६.१ अल्पकालिन

६.२ दीर्घकालिन

६.३ समस्या समाधानका लागी चालिने उपाय र चुनौतिहरु

६.४ समस्या र चुनौतीहरुलाई सम्बोधन गर्न चालिने योजना६.५ रणनीतिक योजना अनुसार आ.व २०८१/०८२ को कार्य योजना तथा अनुमानित आय व्यय विवरण/बजेट

# सिम्रुतु क्याम्पसको  वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभुमि :

नेपालको कर्णाली प्रदेश अन्तर्गत रुकुम (पश्चिम) को सुन्दर बस्ती त्रिवेणी गाउँपालिका वडा नं. ०२ मा त्रिभुवन विश्व विद्यालयसँग शिक्षाशास्त्र संकाय स्नातक तहको सम्वन्धन लिई मिति २०६९/१०/१८ गते क्याम्पसको स्थापना भएको थियो । गुणस्तरीय उच्च शिक्षा हाँसिल गर्न योग्य सबै विद्यार्थीहरुलाई पहुँच सुनिश्चित गर्न तथा गुणस्तर र सान्दर्भिक्तामा अभिवृद्धि गर्ने उदेश्यका साथ क्याम्पसलाई बहुमुखिकरण गर्दै लैजाने योजनासँगै यस क्याम्पसको स्थापना भएको छ । यस क्याम्पसमा अन्य संकाय थप गरी स्नाकोत्तर तहसम्म संचालनमा रहेको छ । हाल स्नातक तथा स्नातकोत्तर तहमा पठनपाठन संचालन हुँदै आएको यस क्याम्पसको सेवा क्षेत्र भित्र रोल्पा, सल्यान, जाजरकोट, पूर्वि रुकुम र पश्चिम रुकुम जिल्लाका झन्डै २० वटा मा.वि.हरु रहेका छन । क्याम्पसको पठनपाठनलाई नियमितता गराउन पूर्णकालिन, आंशिक गरी १६ जना दक्ष जनशक्ति शिक्षकहरुको व्यवस्था गरीएको छ । क्याम्पसको स्वामित्वमा २० कोठे दुईवटा भवन र पक्की शौचालय खाने पानीको धारा रहेको छ ।

आज यस क्याम्पसको ११ औं वार्षिक उत्सव तथा ६ औं क्याम्पस परिषद पाल्नुहुने प्रमुख अतिथि,विशेष अतिथि,अतिथि लगायत सम्पूर्ण महानुभावहरुलाई क्याम्पस परिवारको तर्फबाट र मेरो व्यक्ति तर्फबाट हृदय देखि स्वागत गर्न चाहन्छु । क्याम्पसको सर्वाङ्गिण विकासमा चिन्ता, चासो र सल्लाह दिनुहुने सम्पूर्ण सुभचिन्तकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यस क्याम्पसको स्थापना मिति २०६९ साल माघ १८ गते भएको हो । क्याम्पस स्थापना गर्ने सवालमा त्रिवेणीबासी देखि छिमेकि स्थानिय तह र जिल्लाबासीहरुको महत्वपूर्ण सहयोग रहि आएको छ । धेरै अप्ठेरा कालखण्डहरुमा गुर्जदैं आएको यस क्याम्पसले हजारौं छात्र छात्राहरु जो गरिबि र अन्य घरायसि कारणले उच्चशिक्षा हाँसिल गर्न टाढा जान असमर्थ थिए, उनीहरुलाई उनीहरुकै घर आँगनमा नै शिक्षा दिन समर्थ भयो । यस क्याम्पसबाट स्नातक तह पार गरेका सयौँ छात्र छात्राहरु सरकारी, गैरसरकारी क्षेत्रको रोजगारीमा आवद्ध हुन सफल भएका छन । कयौँ छात्र छात्राहरु उच्च शिक्षा हाँसिल गर्न देश विदेशमा गएका छन ।

## २. शैक्षिकप्रगति  (EducationalProgress):

## २.४ कार्यक्रमहरु

**क्याम्पसमा सञ्चालित तह, कार्यक्रम र विषयहरुः**

| तह | कार्यक्रम | सम्बन्धदिने विश्वविद्यालय | स्वीकृतिमिति | कक्षा सचालन |
|---|---|---|---|---|
| स्नातक | वि.एड् | त्रिभुवनविश्वविद्यालय | २०६९/१०/१८ | २०६९/११/१० |

क्याम्पस स्थापनाको १० वर्षमा यस क्याम्पसले शिक्षा क्षेत्रमा महत्वपूर्ण प्रगति हाँसिल गरेको छ । क्याम्पसले आफ्नो स्थापना कालदेखी हालसम्म निरन्तर रुपले उच्चशिक्षामा शैक्षिक उन्नतीका कार्यक्रमहरु सञ्चालन गरी उपलब्धि मूलक नतिजा हासिल गरेको छ । स्नातकतहमा दक्ष जनशक्ति उत्पादनगरि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुमा यस क्याम्पसवाट उत्पादित जनशक्तिहरु कार्यरत रहेका छन् ।

## २.१ अन्तिमतीनवर्षको विद्यार्थी भर्ना विवरणको विश्लेषण

सिम्रुतु क्याम्पसमावि.स. २०७९,२०८० र २०८१ सालमा भर्ना भएर नियमित पठनपाठमा सहभागि विद्यार्थीहरुको सङ्ख्यालाई तलको तालिकामानिम्नानुसार राखिएको छ:

तालिका न. १. अन्तिमतीनवर्षको विद्यार्थी भर्ना विवरण:

| कार्यक्रम | बर्ष | २०८१ | | | २०८० | | | २०७९ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Education allyDisad vantaged | Total | Female | Education AllyDisad vantaged | Total | Female | Education allyDisad vantage | Total |
| वि.एड ४ बर्षे. | पहिलो | २२१ | १६९ | ३९० | ९६ | ६० | १५५ | १०९ | ६५ | १७४ |
| | दोस्रो | ९८ | ८० | १७८ | ३०६ | १८६ | ४९२ | १९१ | ११४ | ३०५ |
| | तेस्रो | ९७ | ५६ | १५३ | ९० | ६१ | १५१ | १३२ | ८२ | २१४ |
| | चौथो | ११५ | ३६ | १५१ | ११४ | ८५ | १९९ | ९९ | ६७ | १६६ |
| | जम्मा | | | | ६०६ | ३९१ | ९९७ | ५३१ | ३२८ | ८५९ |
| | सेमेष्टर | | | | | | | | | |
| एम.एड. कार्यक्रम | पहिलो | १४ | ३२ | ४६ | | | | | | |
| | दोस्रो | २६ | ३७ | ६३ | | | | | | |
| | तेस्रो | | | | | | | | | |
| | चौथो | | | | | | | | | |

माथिको तालिकाविश्लेषण गर्दा ०८०, ०७९, ०७८ र  सालमा भर्ना भई परीक्षामा समेत समिलित भएका तथा यस क्याम्पसमा अध्यनरत विद्यार्थीहरुको सङ्ख्या क्रमश घटिरहेको देखाउछ । शैक्षिक रुपमा पछाडि परेका विद्यार्थीहरुको भर्ना प्रतिशत भने क्रमशःवढ्दै गएकको तथ्यांकले देखाएको छ । शैक्षिक रुपमा पछाडि परेका समुदाय र तिनका सन्ततिहरुलाई उच्चशिक्षाको मूलधारमा ल्याई शैक्षिक सुधार गर्दै समतापुर्वक समाजको विकासमा सवै सरोकारवाला निकायहरुले जोड दिनुपर्ने देखिन्छ ।

## २.अन्तिम तीन बर्षको बिद्यार्थी उत्तीर्ण दर विवरणको बिश्लेषण:

तालिका नं. २ अन्तिम तीन वर्षको नियमित समूह तर्फका विद्यार्थीहरुको उत्तीर्ण दर विवरण:

| कार्यक्रम | बर्ष | २०८० | | | २०७९ | | | २०७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Education allyDisad vantaged | Total | Female | Education allyDisad vantaged | Total | Female | Education allyDisad vantaged | Total |
| वि.एड | पहिलो | ६७ | ३२ | ९९ | ८५ | ३३ | ११८ | ७० | ६५ | १३५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ बर्षे. | दोस्रो | ५३ | २० | ७३ | | | | ६९ | ३२ | १०१ |
| | तेस्रो | | | | | | | ४० | २७ | ६७ |
| | चौथो | १९ | ११ | ३० | १९ | ११ | ३० | ४७ | २५ | ७२ |
| | **जम्मा** | | | | १०४ | ४४ | १४८ | २२६ | १४९ | ३७५ |
| एम. एड. | **प्रथम** | ४ | १ | ५ | | | | | | |
| | दास्रो | १२ | १३ | २३ | | | | | | |
| | **तेस्रो** | | | | | | | | | |
| | **चौथो** | | | | | | | | | |
| | | | | | | | | | | |

**२०८० सालको तेस्रो र चौथो वर्षको त्रि.वि.परीक्षाफल यो प्रतिवेदनतयार पार्दाको दिनसम्मप्रकाशित भै नसकेको ।**

माथिको तालिकालाई विश्लेषण गर्दा २०८१, २०८० र २०७९ को परीक्षामा उत्तीर्ण हुने विद्यार्थीहरुको सङ्ख्यामा केही फरक भएको पाइन्छ । उत्तिर्ण हुने विद्यार्थीहरुमा सामाजिक आर्थिक रुपमा पछाडि परेका जनजाति र दलित समुदायको उल्लेख्य संख्या रहेको पाइन्छ ।

## २.३ अन्तिम तीनवर्षको ग्राजुयट विवरणको विश्लेषण:

यस क्याम्पसमाअध्ययन गरी विगततीनवर्षमावि.एड.तहउत्तीर्ण गरेका विद्यार्थीहरुको विवरण तलको तालिकामानिम्नासुर राखिएको छ ।

तालिका नं. ३ अन्तिमम तीनवर्षको ग्राजुयट विद्यार्थीहरुको विवरण:

| कार्यक्रम | बर्ष | २०८० | | | २०७९ | | | २०७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Education allyDisad vantage | Total | Female | Education allyDisad vantaged | Total | Female | Education allyDisad vantaged | Total |
| वि.एड. ४ बर्षे. | 1st,2nd, 3rd&4th | ११९ | ५५ | १७४ | १०४ | ४४ | १४८ | ६६ | ४८ | |
| | जम्मा | ११९ | ५५ | १७४ | १०४ | ४४ | १४८ | ६६ | ४८ | |

माथिको तालिकाअनुसारविगत शैक्षिकवर्षको तुलनामा ग्राजुयट हुने विदार्थीको संख्यामा निरन्तर बृद्धि हुँदै गैराखेको देखिएको छ ।

## २.५ शैक्षणिक विधि

शिक्षण एक जटिल र चुनौतिपूर्ण कार्य हो । शिक्षण सिकाईमा प्रयोग गरिने विधि प्रविधिले शिक्षण सिकाइको प्रभावकारीता निर्धारण हुने गर्दछ । यस क्याम्पसले विगत देखि नै विविध खालका शिक्षण विधि,शैली एवं पद्वति अपनाई शैक्षणिक क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । शिक्षण सिकाइमा प्रयोग हुने विविध विधिहरुमा व्याख्यान विधि, सोधपुछ विधि,सानो परियोजना विधि,शौक्षिक भ्रमण विधि, समस्या समाधान विधि,अन्वेषन विधि,प्रर्दशन विधि,छलफल विधिआदि मध्ये यस क्याम्पसले व्याख्यान विधि र छलफल विधिलाई नै प्रमुख रुपमा प्रयोग गर्ने गरेको छ । शिक्षण सिकाईको विषयगत शिक्षणमा सैद्धान्तिक शिक्षणको विरुद्धमा प्रयोगात्मक कार्य अन्तर्गत प्रोजेक्ट वर्कको रुपमा अनुसन्धान कार्य समेत सञ्चालमा आएको पाइन्छ ।

शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन सभा,गोष्ठि, स्टाफ्मिटिङ, टिम टिचिङ्ग, सिप्पोजियम,प्रोजेक्ट वर्क जस्ता शिक्षण सिकाइका विधितथा शैलीहरु भविष्यमा यस क्याम्पसले आफ्नो शिक्षण सिकाइमा प्रयोगमा ल्याउन अपरिहार्य देखिन्छ । यस्तै अनुसन्धानमूलक कार्य,सोध कार्य तथा परियोजना विधिवाट अध्ययन,समस्या समाधान,लाईव्रेरी,प्रयोशाला विधिहरुको प्रयोगमा बिशेष जोड दिन जरुरी छ,जुन केही हदसम्म प्रयोगमा रहेपनि प्रभावकारी रुपमा प्रयोगमा आउन सकेको छैन् । क्याम्पसले त्रि.वि.कार्यक्रमसंग मेल खाने वार्षिक कार्यपात्रोको निर्माण र प्रयोग, वार्षिक मासिक र दैनिक शैक्षिक योजनानिर्माण गरि शिक्षण सिकाइलाई व्यवस्थित बनाउन अपरिहार्य छ । शिक्षण सिकाइमा आधुनिक शैक्षणिक सामग्रीहरु,प्रोजेक्टर,फिल्म स्ट्रीप,स्लाइड आदिको प्रयोगएवं प्रस्तुतिकरणका माध्यमद्वारा शिक्षण सिकाई

क्रियाकलापमा प्रभावकारीता ल्याउनु अति जरुरी देखिन्छ । त्यस्तै अभिमुखिकरण कार्यक्रम,माईक्रो टिचिङ्ग,योजनाबद्व शिक्षण,शिक्षण नमुनाको प्रयोग,शिक्षण तालिमलाई पनि शिक्षण सिकाई विधिको रुपमा लागु गर्न सके शिक्षण सिकाई अझ प्रभावकारी हुने देखिन्छ । समग्रमा भन्दा यस क्याम्पसले हालसम्म प्रयोगमा ल्याएका विधि,प्रविधिहरु, अपर्याप्त छन् । शिक्षण सिकाइलाई थप प्रभावकारी वनाउन आधुनिक विधिहरुको

प्रयोगमा जोड दिई शैक्षणिक गुणस्तर कायम गर्नुपर्ने र दक्षएवं योग्य जनशक्ति उत्पादनमा जोड दिनुपर्ने देखिन्छ ।

## ३. भौतिक प्रगति

शैक्षणिक कार्यक्रम र क्रियाकलापहरुमा सरलता र सुगमता ल्याउन भौतिक स्रोत,शाधन र सामग्रीको उलेख्य भुमिका रहेको हुन्छ । शैक्षिक क्रियाकलापलाई नियमित,व्यवस्थित र सुचारु गराउन आवश्यक पर्ने भौतिक व्यवस्थापनको प्रयोगलाई उचित र उपयुक्त रुपमा त्यसको प्रयोग ,परिचालन,सदुपयोग र संरक्षणलाई पनि ख्याल गर्नुपर्ने हुन्छ । शैक्षिक व्यवस्थापनको मुख्य कसी नै भौतिक पक्षभएकोले शैक्षिक कार्यक्रम र क्रियाकलापको लागी आवश्यक पर्ने भवन,कक्षा कोठा, खेलमैदान, छात्रावास,शौचालय,क्यान्टिन,स्वच्छ पिउने

पानीको व्यवस्था, पुस्तकालय, प्रयोगशाला,बगैंचा,स्वस्थकर वातावरण आदिको प्रर्याप्त रुपमा व्यवस्थापन मिलाउनु पर्ने हुन्छ । शैक्षिक विकासको मूख्यआधार शिला नै भौतिक विकास भएकोले शैक्षिक संस्थाको भौतिक विकासविना  त्यहाँहुने शैक्षिक गतिविधिहरुमा सुगमताएवं प्रभावकारीता ल्याउन सकिदैन । अतः संस्थाको शैक्षिकविकासको लागीभौतिक साधन स्रोत र सामग्रीको जीवन्त रुपमा खाँचो रहिरहन सक्छ ।

### ३.१ विकासका पूर्वाधारहरुः

शैक्षिक तथा संस्थागत विकासका लागी भौतिक रुपमा स्रोत साधन र सामग्रीहरु खरिद गर्ने,निर्माण गर्ने,मर्मत सम्भार गर्ने, संरक्षण र विकास गर्नको लागी यस सिम्रुतु क्याम्पस रुकुम पश्चिमले विगतदेखी नै समय सापेक्ष रुपमा त्यसको विकास एवं विस्तार गरिरहेको छ । भौतिक रुपमा जिल्लाको उच्चशिक्षा प्रदायक शैक्षिक संस्थाको रुपमा पहिचान बनााएको यस क्याम्पसमा देहाय बमोजिमका भौतिक विकासका पूर्वाधारहरु रहेका छन् ।

१. आठ कोठे दुईतले  र बाह्र कोठे तीनतलाकै एक एक ओटा पक्कीभवन

२.कम्प्युटर ल्याव / कक्ष

३. खेल मैदान

५. वाचनालय तथा पुस्कालय

६. शुद्ब पिउने पानीको ब्यबस्था

७. शौचालय

८. कार्यालय सञ्चालन सामग्रीहरु

### ३.२ शैक्षणिक सामग्रीहरुः

शैक्षिकविकास व्यवस्थापनकालागी महत्वपूर्ण पक्ष शैक्षिक सामग्रीहो । यस संस्था भित्र हाल सम्म भएका शैक्षिक सामग्रीहरु निम्नानुसार रहेका छन् ।

१. सूचना,सञ्चार र प्रविधिलाई व्यवस्थित बनाउन २ ओटा कम्प्युटर सहितको एउटा कम्प्युटर ल्याव तथा , कार्यालय प्रयोजनका लागी कम्प्युटर, फोटोकपी मेसिन, प्रीन्टर,प्रोजेक्टर, टेलिफोन, इन्टरनेट रहेको एउटा कक्ष सोफा, टेवुल, कुर्सी र दराजहरु रहेका छन ।

२. जर्नल, सन्दर्भ पुस्तक सहित नयाँ पुरानागरि करिव १७५० प्रति पुस्तकहरु ।

३. शैक्षिक क्रियाकलाप व्यवस्थापनका लागि १२ ओटा कक्षा कोठाहरुमा जम्मा ४०० थान डेस्क बेञ्चहरु र प्रत्येक कक्षाकोठाहरुमा ह्वाइवोर्डहरु रहेका छन् ।

**४. आर्थिक प्रगतिः**

यस क्याम्पसको आर्थिक पक्षलाई चर्चा गर्नुपर्दा स्थापना कालदेखी नै यस क्याम्पसमा विद्यार्थीवाट उठ्ने शुल्क नै आयको मूलश्रोतको रुपमा रहेको छ । बिगत तीनवर्षको आयव्यको विवरणवाट पनि त्यहि कुरा झल्किन्छ । यसका अलावा विश्वविद्यालय अनुदान आयोगवाट नियिमित तथा भौतिक विकास अनुदान, प्रदेस सरकार र क्याम्पस रहेको स्थानिय सिमित मात्रामा पुँजिगत खर्च स्वरुप अनुदान प्राप्तहुने गरेको छ ।

**४.१ अन्तिम तीनवर्षको आर्थिक स्रोत र आयव्ययको विवरण**

गत तीनवर्षको तथ्याङ्क अनुसार यस क्याम्पसका मूख्य आयस्रोतका क्षेत्रहरु विद्यार्थी शुल्क, विश्वविद्यालय अनुदान आयोगवाट प्राप्तअनुदान र अन्य स्रोतवाट प्राप्तआयहरु निम्नानुसार प्रस्तुत गरिएको छः

## तालिका नं. ४ गत तीन वर्षको आम्दानी विवरण

| क.स. | शिर्षक | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|
| १ | अल्या. | ८२१४९६५।७६ | १४३९५११३।८९ | १७०२१८३०।८९ |
| २ | भर्ना र रजिष्ट्रेशन शुल्क | २४१९५५०। | १६०४५००।०० | १८७२५००। |
| ३ | त्रि.वि. दर्ता शुल्क | | १२१९००।०० | १०६३००। |
| ४ | मासिक शिक्षण शुल्क | ४७४७५००। | ४६३९७००।०० | ३४६४०००। |
| ५ | परीक्षा फारम शुल्क | | ७०८०००।०० | ९८९०००। |
| ६ | परीक्षा केन्द्र शुल्क | | ९६२३००।०० | ६८९०००। |
| ७ | परीक्षा प्रयोगात्मक शुल्क | ११८२१९५। | २८८०००।०० | २८३२००। |
| ८ | अभ्यास शिक्षण शुल्क | | ८७५००।०० | १२२०००। |
| ९ | एम.एड. विद्यार्थीको जम्मा शुल्क | | ७४९४५०।०० | |
| १० | डीनकोकार्यालय प्रवेश परीक्षा | | | १५७५० |
| ११ | लक्ष्मी बैंक मुद्दती ब्याज | | २३४९१२।०८ | ४७६३१३।४७ |
| १२ | पुरानो बाकी | | | |
| १३ | ने.बे.लि. किर्तिपुरको आम्दानी ब्याज रकम | ५२१४४।०२ | ५२००१।५५ | ३६३२२।५५ |
| १४ | ugc बाट भवन निर्माणको लागि | | ६१५२५८२।७२ | ४८७१९३।९५ |
| १५ | ugc अनुदान/उपकरण,**पुस्तक,**फर्निचर खरीद | ८७२५०००। | | ५०००००। |
| १६ | ugc बाट नियमित अनुदान | | १७५००००।०० | १६८९८००। |
| १७ | ugc बाट समतामा आधारित अनुदान | | | ८०००००। |
| १८ | भवनको बिट खरीद शुल्क | | ३३०००।०० | ३३०००। |
| १९ | भवनको धरौटी रकम | | १७५०००।०० | १२६०००। |
| २० | प्रमाण पत्र शुल्क | १०८५००। | | १३७००००। |
| २१ | प्रमाण पत्र तथा माइग्रेशन शुल्क | | १३२०००।०० | |
| २२ | विद्यार्थी कल्यान कोष | | | |
| २३ | केन्द्र शुल्क | ९५२५००। | | ९८७००। |
| २४ | प्रदेश सरकार, गा.पा. सामाजिक कार्यालय | १३६३१५८। | | ४९४१२९ |
| २५ | प्राध्यापक तथा कर्मचारीहरुको र सेवियुको दरखास्त शुल्क | | १९१००।०० | ३०००। |
| २६ | कार्य सम्पादन जमानत  मुरु कन्स्टक्सन | | | ७८२०८१। |
| २७ | विविध आम्दानी | | ३००।०० | |
| | जम्मा | १४८६५२८२ ।११ | ३२१०५३६०।२४ | ३०२२७१२०।८६ |

प्रत्येक आ.व.माक्रमिक रुपमा आम्दानि वढिरहेको देखिन्छ ।पुजिगत अनुदानमा वृद्धि भएको छ भने क्याम्पसको आन्तरिक आम्दानिमा पनि निरन्तर वृद्धि भएको देखिन्छ ।

## ४.२ अन्तिम तीन वर्षको खर्च विवरण

गत तीन आर्थिक वर्षमा यस क्याम्पसमा भएको खर्च विवरण तलको तालिकामा प्रस्तुतगरिएको छ ।

**तालिका नं.५ अन्तिम तीन वर्षको खर्च विवरण**

**विभिन्न शिर्षकमा भएको खर्च विवरण**

| क. स. | खर्च शिर्षक | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|
| १ | तलब भता | ३२४५५५२।२ | ३३३६८५६।९२ | ४६९५७०९।८४ |
| २ | आयकर खर्च | | ५००४०।०० | |
| ३ | मसलन्द खर्च | ६०३०५। | ११८१४४।५० | ६२९१९। |
| ४ | कर कट्टी | ७८२१।६० | ७८००।२३ | ५४३३।३९ |
| ५ | ले. प. खर्च | ४८०९५। | ६३७५०।०० | ९६३१६। |
| ६ | परीक्षा प्रोगात्मक,शिक्षण अभ्यास, त्रि.वि. दर्ता सेवा तथा सम्पूर्ण खर्च | २२२२१९८ | ११७३५२५।०० | २५०४५२७। |
| ७ | एम.एड. कार्यक्रम संञ्चालन खर्च | | ५१९६००।०० | |
| ८ | भवन मर्मत,निर्माण व्यवस्थापन | ६८२३२२०। | ७४०२५८२।७२ | ३१९५३१४।६२ |
| ९ | निर्वाचन खर्च | | १०३९३४।३२ | |
| १० | भवन धरौटी फिर्ता | | १७५०००।०० | ९०८०८१। |
| ११ | पुस्तक,पत्रपत्रिका खरीद | २९११५। | २६६३१।५० | ३५९९५। |
| १२ | भ्रमण खर्च | ३९२६५३। | ४१०४८०।०० | ३७७८०५। |
| १३ | मोबाइल बैंकि | २०० | २०० | २००। |
| १४ | विद्युत, नेट | ४४९४१। | ४८५२१।०० | ५४४५५। |
| १५ | सुचना तथा संचार | | १०४३६०।०० | २०६७१६। |
| १६ | स्टेशनरी खर्च | | २८७४५।०० | ६८७९८। |
| १७ | छात्रवृति खर्च | | २६०००।०० | |
| १८ | अतिथि सत्कार | ४५२९२। | १९५८७०।०० | ६५०००। |
| १९ | नविकरण शुल्क | | ४४५०० | ३०००। |
| २० | खेलकूद कोड निर्माण तथा खेलकूद सामाग्री उपकरण | | १२००००० | |
| २१ | आई.पी.एस. चार्ज | | १०२ | |
| | फर्निचर | | | ७६४३०४।९१ |
| | ताराजालि तटबन्धन | | | ३१०३२४।४२ |
| २२ | विविध खर्च | | ४६८८५।६८ | २१७१। |
| २३ | पारिश्रमिक कर | १३३७०३९८।८० | | १०४६६८। |
| | जम्मा | | १५०८३५२९।३५ | १३५४६७३८।१८ |

प्रत्येक आ.व मा क्रमिक रुपमा खर्च वढिरहेको देखिन्छ । छात्रवृत्ति वितरणमा वृद्धि भएर आर्थिक सामाजिक रुपले पछाडी परेका समुदायका छात्रछत्रा हरुलाई शिक्षाको पहुचमा ल्याउन सहयोगि रहेको देखिन्छ । कोभिडका कारण कक्षा सञ्चालन हुन नसकी आंशिक शिक्षकलाई तभ खर्च नहुँदा तभ खर्च कम देखिनगएको छ ।

## ४.३ पुँजीगत खर्च विवरण

**क्याम्पसको विश्वविद्यालय अनुदान आयोग सँगको सम्वन्ध :**

नेपालको उच्च शिक्षाको गुणस्तर विकासको लागि नियमित अनुदान, पूर्वाधार विकास अनुदान, उपकरण खरीद अनुदान, पुस्तकालय खरीद अनुदान, फर्निचर खरीद अनुदान आदि शैक्षिक महत्वका थुप्रै कार्यक्रम संचालन गर्न विश्वविद्यालय अनुदान आयोग सम्पूर्ण विश्वविद्यालयहरु तथा सामुदायिक रुपमा खोलिएका पव्लिक क्याम्पसहरुको अनुदानदाताको छाता संस्था हो । यस सिम्रुतु क्याम्पसका लागि सबै भन्दा ठुलो र भरपर्दो नियमित अनुदान प्रदान गर्ने संस्था पनि विश्वविद्यालय अनुदान आयोग रहेको छ । आ.व.

२०७२/०७३ देखि यस क्याम्पसले पहिलो पटक आवश्यक प्रक्रिया पुरा गरी नियमित अनुदान माग गरेकोमा सोहि वर्ष देखि क्याम्पसले नियमित अनुदान प्राप्त गर्दै आएको छ । आ.व.२०८०/०८१ मा पुस्तक खरिदका लागि विश्वविद्यालय अनुदान आयोगले रु.**५,००,०००।-**अक्षेरुपी पाँच लाख मात्र बजेट विनियोजन गरि यस क्याम्पसको खातामा जम्मा भइसकेको छ । हाल सम्म भौतिक निर्माण अनुदान तर्फ रु.१६७००००। एक करोड बैसट्टी लाख आई सकेका छ । आ.व.२०८०/०८१ नियमित अनुदानमा **रु.१६८९८००।-**पनि खातामा जम्मा भइसकेको छ । क्याम्पसको भरपर्दो स्रोतको रुपमा रहेको विश्वविद्यालय अनुदान आयोगको अनुदानले क्याम्पसको शैक्षिक, भौतिक, प्रशासनिक क्षेत्रमा आमुल परिवर्तन गर्नेछ । आगामि दिनहरुमा पनि यस क्याम्पस र विश्वविद्यालय अनुदान आयोग बिच समधुर सम्वन्ध कायम रहिरहने छ । र क्याम्पसको हरेका क्षेत्रमा सहयोग जारी रहने कुरा प्रति आशाबादी छौं । यसबाट दुर दराजमा रहेका क्याम्पसबाट गुणस्तरीय शिक्षा प्रदान गर्न गराउन ठुलो सहयोग पुग्ने छ ।

## ४.४ आर्थिक प्रतिवेदनको पुनरावलोकन/गतआर्थिक वर्षको लेखा परीक्षणवाट प्राप्त सुझावहरु समाधान गर्न चालिएकाकदमहरु

अन्तिम लेखापरीक्षण प्रतिबेदनका सुझावअनुसार वाँकी नराखि प्रत्येक आ.व. भित्रै समयमै कर दाखिला गर्ने गरिएको, नगद कारोवारलाई न्यूनिकरण गर्दै आम्दानि तथा खर्चलाई पूर्ण रुपमा वैङ्किङ प्रणालीमार्फत सञ्चालन गर्न थालिएको छ । पुरानो वाँकीपेश्की समेत नियमानुसार फछ्र्यौट गरि सकिएको छ । पुरानो उठाउन वाँकीशुल्क यथाशिघ्र असुलउपर गर्ने गराउने तर्फ व्यवस्थापनपक्षलाई ध्यानाकर्षण गरिएको छ । लेखापरिक्षका सुझावहरुलाइक्रमश : सुधार गर्दै लगिएको छ ।

## ५. सामाजिक प्रगति

वि.स. २०६९ माघ १८ गते त्रि.वि. वाट सम्बन्धनप्राप्त गरेको यस सिम्रुतु क्याम्पस सिम्रुतु,रुकुमपश्चिम जिल्लाकै सर्वोच्च शैक्षिक संस्थाको रुपमा स्थापित भएको छ। हाल यस सिम्रुतु क्याम्पस सिम्रुतु २,रुकुम पश्चिमले १० वर्षको कठिन र चुनौतिपूर्ण यात्रा पूरा गरिसकेको छ । यस ऐतिहासिक यात्रालाई उत्साहजनक र उपलब्धिमूलक नै मान्नुपर्ने हुन्छ। आर्थिक दृष्टीले आत्मनिर्भर बन्न ठूलै प्रयत्नामा छ। शैक्षिक विश्वास कायम गर्नु तथा गरणस्तरीय शिक्षाप्रदान गर्ने प्रयास गरिरहेको छ । तथा प्रयासहरु मात्रप्राप्त छैन् । यसलाई पूर्णतादिने कार्य नै आजको आबश्यक्ता र चुनौति रहेको छ ।

## ५. सामाजिक कार्यमा क्याम्पसको सहभागिता

रुकुम पश्चिम नयाँ संविधान निर्माण तथा संघियता कार्यानवयत र राज्य पुनर्संरचना संगै स्थापित जिल्ला हो। यो आर्थिक, सामाजिक विकासका सूचकमा पछाडि रहेको विकट पाहाडी जिल्ला समेत हो। यस क्षेत्रको समाज विकासका खातिर यस क्याम्पसको सहभागिता एवं योगदान महत्वपूर्ण रहेको छ। वि.स. २०६९ सालमा यस क्याम्पसको स्थापना भए पश्चात उच्चशिक्षामा यस क्याम्पसले पुचाएको योगदान अतुलनीय छ। जिल्लाको शैक्षिक स्तरलाई माथि उठ्ाउन,साक्षरता प्रतिशत बढाउन,रोजगारीका क्षेत्रहरु बढाउनपनि या`क्याम्पस कोसेढुंगा सावित भएको पाइन्छ । यस क्याम्पसले हालसम्म करिब ४५५ को सङ्ख्यामा उच्च शैक्षिक जनशक्तिहरु उत्पादन गरिसकेको छ भने उत्पादित जनशक्तिले राज्यका विभिन्न क्षेत्रमा बिशेष योगदान पुराइरहेको पाइन्छ।

## ५.२ क्याम्पसको लागि समाजले गरेको योगदान

शहरी इलाकामा मात्र अबस्थित रहेका आंगिक क्याम्पसहरुमा आफ्ना छोराछोरीलाई पढाउन नसकिने अवस्थालाई स्वीकार गरी गरिब तथा पिछडिएका समुदायमा समेत उच्चशिक्षाको पहुँच पुराउने उद्देश्यले देशको दुर्गम क्षेत्रमा क्याम्पस स्थापना गर्ने काममा चेतनशील नागरिकहरु लागेको पाइन्छ। सामुदायिक क्याम्पस स्थापना र सञ्चालनको कार्यमा जनसहभागिता जुटाउन विभिन्नव्यक्ति, संस्था, स्थानीय र सरकारी निकाय समेतकोपहल संगैयस क्याम्पसको विकास अभियानमा विश्वविद्यालयअनुदान आयोगले पनि साथ दिन थाल्यो। जसले गर्दा समुदायमा उच्चशिक्षाको पहुँच विस्तार गर्न सहजभएको छ।

क्याम्पसका अतीतका दिनहरु अति कठिनाइपूर्ण थिएभन्ने कुरा अग्रजहरुको अनुभव र क्याम्पसको वर्तमान अवस्थाले स्पष्ट चित्रणगर्दछ। अती कठिन दिनहरु हिम्मतका साथपार गरी आजको अवस्थामा आइपुग्दा अग्रज शिक्षप्रेमीलाई धन्यवाद दिनैपर्ने हुन्छ। हिजो र आजमा अन्तर हुनु  स्वभाविक छ। आज सूचनाप्रविधि र यातायातको सहजपहुँच विस्तार भइसकेको छ । तर हिजोका कठिनाइहरुलाई कल्पना सम्मपनि गर्न नसक्ने अवस्थामापुगेको छ । हिजो यातायातर सञ्चार को कठिनाई,पढेलेखेका

मानिसहरुको कमी,साधन स्रोतहरुको अभाव,स्थानीयनिकायमा राज्यको लगानी नै नरहेको अवस्थामा उच्चशिक्षा अध्ययन गर्ने शैक्षिक संस्थाको स्थापना गरी सञ्चालन गर्नु ज्यादै नै कठिनाइपूर्ण कार्य हुदाहुँदै पनि दुरदर्शी भविष्यद्रष्टा अग्रजहरुको सक्रियतामा क्याम्पस स्थापनाहुनु सह्रानीयकार्य हो । यस महान सामाजिककार्यलाई अझै शिखरमा पुराउनु नयाँ पिँढिको दायित्वभएको छ ।

### ५.३ सामाजिक योग्दानमा क्याम्पसको योजना

क्याम्पसले गर्ने प्रमुख सामाजिक योगदानमा समुदायमा रहेका आर्थिक रुपले पिछडिएको वर्ग, क्षेत्र, लिङ्ग, समुदायकागरिव, विपन्न, महिला, दलित, जनजाति, अपाङ्ग लगाएतका छाछात्राहरुलामा उच्चशिक्षाको पहुँच स्थापित गर्न आवसको व्यबस्था, छात्रवृत्ति प्रदानलगाएत विभिन्न सहयोग कार्यक्रम सञ्चालन गर्ने रहेको छ । जुन धेरै हदसम्म भैराखेको समेत छ । सामाजिक सहभागिता बढाउन आफ्नो भावि योजनाहरुमा,शैक्षिकतथा स्वास्थ्य सम्वन्धि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,विद्यालयका प्र.अ.हरुसगं गोष्ठी तथा अभिभावकहरुसंग अन्तरक्रिया गर्दै जाने,खानेपानी तथा सरसफाई सम्वन्धि कार्यक्रमहरु गर्ने,उच्च शैक्षिक संस्थाहरुको भ्रमण गर्ने रहेको छ ।

### ५.४ समाजको सहभागिता वढाउन क्याम्पसको योजना

समाजको सहभागिता वढाउन क्याम्पसले माध्यमिक विद्यालयका प्रधानाध्यापकहरुसंग गोष्ठी तथा अर्न्तक्रिया गर्दै जाने,वार्षिकोत्सव कार्यक्रमलाई निरन्तरता दिने,अभिभावक भेला गर्ने,सार्वजनिक लेखापरीक्षण गराउने, सामुदायिक सचेतीकरण तथा अभियान सञ्चालन गर्ने,विद्याथीहरुलाई सामाजिक समस्या केन्द्रीत अनुसन्धान कार्यमा सक्रिय सहभागिता गराउने,विभिन्न खेलकुदतथा सांस्कृतिककार्यक्रमहरुसञ्चालनगरिनेछ ।

## ६. समस्या र चुनौतिहरु

अतीतका अनुभववाट शिक्षालिदै वर्तमानलाई सुन्दर र सम्पन्न भविष्यको निर्माणमा सक्रियतापूर्वक संलग्न हुनुपर्ने चुनौतिहरु हाम्रा सामु विद्यमान छन् । अग्रजहरुको लगानी र मेहेनतका कारण विगतकाती अप्ठेरा दिनहरुलाई पछाडि धकेल्दै हामी वर्तमान अवस्थामा आइपुगेका छौ ।यो विरासतलाई कायमगर्दै अगाडि बढ्नु आजको आवश्यक्ता रहेको छ । वर्तमानका चुनौतिहरुलाई सामनागर्दे अवसरमा वदल्ने सामुहिक अठोटको पनि जरुरी छ। यो अठोट नै भोलिको अवसरहुनेछ । क्याम्पसमा देखिएका अल्पकालिनतथा दिर्घकालिन समस्या र चुनौतिहरुलाई निम्नानुसार प्रस्तुतगरिएको छ ।

### ६.१ समस्याहरु

१.सोचे जतिविद्यार्थी भर्ना हुननसक्नु,

२. सबै छात्रछत्राहरुलाई नियमितकक्षाकोठामा उपस्थिति गराउन नसक्नु,

३. कक्षा छोड्ने र दोहोराउने प्रवृत्ति बढ्नु,

४. विद्यार्थी फेल हुने समस्या रहनु,

५. शिक्षकको पेसागत विकासमा समस्या रहनु,

६. प्रभावकारी शिक्षण सिकाइको व्यवस्थापनहुननसक्नु,

७. विद्यार्थी/शिक्षकआचार संहिताको उलङ्घन हुनु,

८. आवश्यक मात्रामा पूर्णकालिन शिक्षकतथा कर्मचारीहरुको नियुक्ति गर्न नसक्नु,

९. व्यवसायिक तथा प्राविधिकविषयहरु सञ्चालन गर्न नसक्नु,

१०.शिक्षक तथा कर्मचारीहरुलाई पुनरताजकीय तालिमहरुको व्यवस्था गर्न नसक्नु,

११. पुस्तकालयमा प्रायाप्त पुस्तकहरु नहुनु र पुस्तकालयलाई अत्याधुनिक बनाउन नसक्नु आदि।

**६.२ समस्या समाधानका लागि चालिने उपायहरु र चुनौतिहरुको प्राप्ति**

१.प्रत्येक शैक्षिक सत्रका लागि विद्यार्थी भर्ना सम्वन्धि नीतीनिर्माण गरी विद्यार्थी भर्ना बृद्दि गर्नुपर्ने ।

२. प्रत्येक नयाँ शैक्षिक सत्रको शुरुमा नै पठन पाठन सम्वन्धि दैनिक कार्यतालिका बनाई कक्षा तोकिन पर्ने।

३. क्याम्पसमा राम्रो काम गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कार दिन सञ्चालक समिति मासिफारिस गरिनु पर्ने ।

४. पुस्तकालयमा आवश्यक सन्र्दभ पुस्तकहरुको प्रयाप्त व्यवस्थागरिनु पर्ने ।

५. विद्यार्थीहरुका लागि अतिरिक्तक्रियाकलाप,मूल्याङ्कन र आन्तरिक परीक्षाको व्यवस्था गरिनुपर्ने ।

६. बढि भन्दा बढि विद्यार्थीहरुलाई हितहुने गरी छात्रवृतिप्रदान गर्ने ।

७. क्याम्पसको पठनपाठनमा सहयोग पुग्ने खालका सेमिनार,गोष्ठी तथा प्रवचनहरु सञ्चालनगरिनुपर्ने ।

८. क्याम्पसको आर्थिक तथाभौतिक स्रोत विकासका लागि दानदातब्यर चन्दा संकलन गरिनुपर्ने ।

९. आचार संहिता उलंघन गर्ने वापदीय दायित्व पालना नगर्ने शिक्षक तथा कर्मचारीसंग स्पष्टीकरण लिइनु पर्ने र उपयुक्त जवाफ नआएमा कारवाहि का लागि सञ्चालक समितिसमक्ष पेश गनुपर्ने ।

१०.क्याम्पसले बजेट स्वीकृत गरेर सिमाभित्र रहीखर्च गरिनुपर्ने ।

११. शिक्षकहरुलाई थप अध्ययन गर्न र अनुसन्धानकार्यमा लाग्न प्रोत्साहन गरिनुपर्ने ।

१२.विद्यार्थीहरुको प्रयोगात्मककार्यलाई अनुसन्धान मुखी बनाउन विषयगत शिक्षकहरुलाई आवश्यक तालिमतथा सुविधाको व्यवस्था मिलाइनु पर्ने ।

१३. क्याम्पसमा चियानास्ताका लागि क्यान्टीनको ब्यव्स्थन गर्नुपर्ने,

१४.शिक्षक तथा कर्मचारीलाई अध्ययन विदा तथा आर्थिक सहुलियतको व्यवस्था गर्नुपर्ने ।

१४. नियमित विद्यार्थीहरुको हाजिरी तथ ापचहत्तर प्रतिशतहाजिरी पुगेकालाई मात्र परीक्षामा सामेल गराउने नीतिलिनुपर्ने ।

१५. क्याम्पसमा आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरुको ब्यबस्था गरिनुपर्ने ।

१६. क्याम्पसको प्रभावकारी शिक्षण सिकाइका लागि अनिवार्य रुपमा तालिमलिने व्यवस्था मिलाउने पर्ने ।

१७. क्याम्पसको आर्थिक अबस्था बलियो बनाउन पब्लिकक्याम्पसलाई दिइने आर्थिक सहुलियत बढाउनुपर्ने ।

१८. क्याम्पसको शैक्षिक गुणस्तर बढाउन नियमित पठनपाठन तथा शैक्षिक विधि प्रविधिको प्रयोग गरि कार्य सञ्चालन मागनुपर्ने ।

१९. क्याम्पस सञ्चालनमा देखिएका अनावश्यक वाधाहरुको पहिचान गरि त्यसको तुरुन्त निरुपन गरिनुपर्ने ।

२०.क्याम्पसमा देखिएका द्वन्द्वात्मक पक्षहरुलाई शीघ्र व्यवस्थापन गरिनुपर्ने ।

२१.क्याम्पसलाई विश्वविद्यालयमा आंगिक बनाउन पहलगरिनुपर्ने ।

२२. क्याम्पसको भौतिक व्यवस्थाको उच्चतम विकास गरिनुपर्ने आदि।

## ६.३ समस्या र चुनौतिहरुलाई संवोधन गर्न चालिने योजना

- उच्चशिक्षामा गरीब,जेहेन्दार,दलित,जनजातिएवं महिलाको पहुँचलाई सुनिश्चितता प्रदान गर्ने कार्य योजनातयार गरी लागु गर्ने ।
- स्वदेश तथा विदेशका विश्वविद्यालयसंग समन्वय गरी अनुसन्धानात्मककार्यलाई प्राथमिकतादिने ।

- उच्च तथा मध्यमतरको जनशक्तिउत्पादनगर्नेउद्देश्य राखी विविध विषयहरुलाई समेटी तालिमदिने व्यवस्था गर्ने ।
- शहरी क्षेत्रमा रहेको उच्चशिक्षामा भइरहेको प्रतिस्पर्धालाई सम्वोधन गर्न सर्वसुलभ मूल्यमा गुणात्मक शिक्षाप्रदान गर्न कार्ययोजनाहरु बनाउने ।
- भौतिक संरचना निर्माणका लागि विश्वविद्यालयअनुदानआयोग,सरकारी तथा गैरसरकारी क्षेत्रबाट आर्थिक सहयोग जुटाउने ।
- क्याम्पसलाई आर्थिक व्ययभार नपर्ने गरी शिक्षकहरुलाई एम.फिल.तथापी.एच. डी. गर्न प्रोत्साहित गर्ने र सोका लागि छावृतिएवं विद्वतवृतिको व्यवस्थामिलाउने ।
- कर्मचारीहरुलाई तालिमतथा प्रशिक्षणको अवसर प्रदान गर्ने कर्मचारीहरुको प्रशासनिक क्षमता अभिवृद्धि गर्ने ।
- विषय अनुरुपका प्राध्यापकहरुको नियुक्तिगरिनुपर्ने ।
- व्यवसायिक र प्राविधिकविषयहरु थप गर्ने ।
- प्राध्यापक तथा कर्मचारीलाई विभिन्न सीपमूलक तथा आसन्धानमूलक तालिमहरुको व्यवस्थापनगर्दै लैजाने ।
- पुस्तकालयमा प्रर्यात पुस्तकको व्यवस्थार उचितव यवस्थापनगरि इ लाइव्रेरीमा रुपान्तरण गर्ने ।

- पर्याप्त शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरि शिक्षण क्रियाकलापलाई अत्याधुनिक बनाउने ।

अतःक्याम्पसलाई थप मजबुत बनाउनको निम्ति क्याम्पसलाई दरिलो आर्थिक सहयोग दिगो रुपमाहुनु जरुरी रहेको छ । क्याम्पसमा विद्यार्थी सङ्ख्या वृद्धि गर्न नयाँ संकाय र तहमा पठनपाठन सञ्चालन गर्नुपर्ने तथा प्राविधिकविषयहरु संचालन गरिनु जरुरी रहेको छ । जसवाट जिल्लाले सक्षम र दक्ष जनशक्ति प्राप्त गर्नुका साथै रोजगारीको अवसरलाई पनि सृजना गर्ने छ ।

# सिम्रुतु क्याम्पस सिम्रुतु रुकुम (पश्चिम)

रणनीतिक योजना अनुसार गत आ.व. २०८०/२०८१ को वास्तविक आय व्यय तथा आ.व.२०८१/२०८२ को तथा अनुमानित आय व्यय विवरण, बजेट

| क.स. | .२०८०/०८१ वास्तविक आम्दानी | रकम रु. | २०८१/०८२ अनुमानित आमदानी |
|---|---|---|---|
| १ | अल्या.२०७८/०७९ | अल्या. १७०२१८३०।८९ | अल्या. १८०००००० |
| २ | भर्ना र रजिष्ट्रेशन शुल्क | १८७२५००। | २००००००। |

| | | | |
|---|---|---|---|
| ३ | त्रि.वि. दर्ता शुल्क | १०६३००। | १३१८००।०० |
| ४ | मासिक शिक्षण शुल्क | ३४६४०००। | ४००००००।०० |
| ५ | परीक्षा फारम शुल्क | ९८९०००। | १००००००।०० |
| ६ | परीक्षा केन्द्र शुल्क | ७८७७००। | ९६२३००।०० |
| ७ | परीक्षा प्रयोगात्मक शुल्क | २८३२००। | ३०००००।०० |
| ८ | अभ्यास शिक्षण शुल्क | १२२२०००। | १३०००००।०० |
| ९ | एम.एड. प्रवेश परिक्षा डीनको कार्यालय | १५७५०। | १६०००।०० |
| १० | मुद्दती ब्याज | | |
| ११ | लक्ष्मी बैंक मुद्दती ब्याज | ४७६३१३।४७ | ५०००००। |
| १२ | पुरानो बाकी | | |
| १३ | ने.बे.लि. किर्तिपुरको आम्दानी ब्याज रकम | ३६३२२।५५ | ५२००१।५५ |
| | | | |
| १४ | ugc बाट भवन निर्माणको / घेराबार | ४८७१९३। | १००००००। |
| १५ | ugc अनुदान/उपकरण,फर्निचर पुस्तक खरीद | ५०००००। | १००००००। |
| १६ | ugc बाट नियमित अनुदान | १६८९८००। | २००००००। |
| | ugc बाट समतामा आधारित अनुदान | ८००००० | ८०००००। |
| १७ | भवनको बिट खरीद शुल्क | ३३०००। | ०० |
| १८ | भवनको धरौटी रकम | ९०८०८१ | ०० |
| १९ | | | |
| २० | प्रमाण पत्र तथा माइग्रेशन शुल्क | १३७०००। | १५००००।०० |
| २१ | विद्यार्थी कल्यान कोष | | |
| २२ | केन्द्र शुल्क | | |
| २३ | प्रदेश सरकार, गा.पा.सामाजिक कार्यालय | ४९४१२९। | ५०००००। |
| २४ | प्राध्यापक तथा कर्मचारीहरुको र सेवियुको दरखास्त शुल्क | ३०००। | ०० |
| २५ | विविध आम्दानी | | ५०० |
| जम्मा | | ३२१०५३६०।२४ | ३३७१२६०१।५५ |

| क.स. | २०८०/०८१ वास्तविक खर्च | रकम रु. | २०८१/०८२ अनुमानित खर्च |
|---|---|---|---|
| १ | तलब भता | ४६९५७०९।८४ | ६००००००। |
| २ | आयकर खर्च | | |
| ३ | मसलन्द खर्च | ६२९१९। | १३००००। |
| ४ | कर कट्टी | ५४३३।३९ | ८०००। |
| ५ | ले. प. खर्च | ९६३१६। | |
| ६ | परीक्षा प्रोगात्मक,शिक्षण अभ्यास, त्रि.वि. दर्ता सेवा तथा सम्पूर्ण खर्च | २५०४५२७। | ३००००००। |
| ७ | एम.एड. कार्यक्रम संञ्चालन खर्च | | |
| ८ | भवन मर्मत,निर्माण ,व्यवस्थापन | ३१९५३१४।६२ | २००००००। |
| ९ | मर्मत, ताराजाली तथा निर्वाचन खर्च | ३१०३२४।४२ | |
| १० | भवन धरौटी फिर्ता | ९०८०८१। | |
| ११ | पुस्तक,पत्रपत्रिका खरीद | ३५९९५। | ८०००००। |
| १२ | भ्रमण खर्च | ३७७८०५। | ४०००००। |
| १३ | मोबाइल बैंकि | २००। | २००। |
| १४ | विद्युत नेट | ५४४५५। | ७००००। |
| १५ | सुचना तथा संचार | २०६७१६। | २२००००। |
| १६ | स्टेशनरी खर्च | ६८७९८। | ८०००० |
| १७ | छात्रवृति खर्च | | |

| | | | |
|---|---|---|---|
| १८ | अतिथि सत्कार | ६५०००। | ९००००। |
| १९ | नविकरण शुल्क | ३०००। | |
| २० | खेलकूद कोड निर्माण तथा खेलकूद सामाग्री उपकरण फर्निचर | ७६४३०४।९१ | १५०००००। |
| २१ | आई.पी.एस. चार्ज | १०२ | १०२ |
| २२ | विविध खर्च | २१७१ | ५०००। |
| २३ | पारिश्रमिक कर | १०४६६८। | १२००००। |
| | जम्मा | १,३५,४६,७३८।१८ | १,४४,२३,१०२। |

.....

सूर्यविक्रम खड्का
क्याम्पस प्रमुख

त्रिभुवन विश्वविद्या...
सिमुतु क्याम्पस
सिमुतु, रुकुम (पश्चिम)
स्था:-२०६९